इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

☎ ०२५-५८०१५०

# इटहरी अस्पताल
# (Itahari Hospital)

प्रदेश नं. १, नेपाल

प.सं.:
च.नं.:

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी अस्पताल इटहरी, सुनसरी

## विषयः ल्याव केमिकल तथा सर्जिकल सामग्रीहरु, क्लिनिकल एवम् एक्स रे फिल्म आपूर्ति सम्वन्धि सूचना

सूचना प्रकाशन मितिः २०७९।०६।२८

प्रस्तुत सम्वन्धमा नगर स्वास्थ्य बिकास समितिको मिति २०७९/०६/९ को निर्णयानुसार इटहरी अस्पताललाई आ.व. २०७९/८० का लागि आवश्यक ल्याव केमिकल तथा सर्जिकल सामग्रीहरु आपूर्ति गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णयानुसार सम्वन्धित सवैको लागि निम्न शर्तहरु रहनेगरी यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरुः**

१) यस इटहरी अस्पतालमा अत्याधिक खपत हुने ल्याव केमिकल तथा सर्जिकल सामग्रीहरु (अनुसूचि १) र एक्स रे फिल्म (अनुसूचि २) को नामावली र अस्पतालको आवश्यकता अनुरुप यस अस्पतालले पछि तोके बमोजिमको अन्य केमिकल र सर्जिकल सामग्रीहरु समेत आपूर्ति गर्नुपर्नेछ ।

२)आवश्यक ल्याव केमिकल तथा सर्जिकल सामग्रीको नामावली (अनुसूचि १ र २) का इच्छुक आपूर्तिकर्ताले इमेल/फोन मार्फत कार्यालय समयमा माग गरी प्राप्त गर्न सक्नेछन् । वा वेवसाइटवाट समेत प्राप्त गर्न सक्नेछन् ।

३)आपूर्तिकर्ताहरुले सवै अनुसूचिहरु (१ र २) वा निजहरुद्वारा उपलब्ध गरिने कुनै एक मात्र अनुसूचिको पनि दररेट आपूर्तिकर्ताले निवेदनमा उल्लेख गरि पेश गर्न सक्नेछन् । पेश गर्दा कमसेकम एक अनुसूचिमा उल्लेख गरिएका सवै सामग्रीहरु उपलब्ध गराउन सक्ने हुनुपर्नेछ ।

४) आपूर्तिकर्ताको छनौट अनुसूचि अनुसार वा आइटम अनुसार कम दर रेट पेश गर्ने र भुक्तानीका लागि धेरै समय दिनेसँग यस अस्पतालका लागि आवश्यक सामग्रीहरु आपूर्तिको लागि सम्झौता गरिनेछ । यस अस्पतालले कायम गरेको अनुमानित रकमभन्दा कबोल गरिएको दररेट बढी हुन गएमा सम्वन्धित आइटम यस अस्पतालले खरिद गर्न बाध्य हुनेछैन् ।

५) आपूर्तिकर्ताले अनुसूचिमा उल्लेख गरिएका सामग्रीहरुको तोकिएको ब्राण्ड/कम्पनिहरु नै आपूर्ति गर्नुपर्ने हुन्छ ।

६) उल्लेखित अनुसूचिहरुमा रहेका सामग्रीहरु अस्पतालले एक हप्ताको समय राखी औपचारिकरुपमा दुई पटकसम्म माग गर्दा पनि आपूर्तिकर्ताले सम्झौता बमोजिमको सामग्रीहरु आपूर्ति गर्न नसके अस्पतालले जुनसुकै आपूर्तिकर्तासँग खरिद गर्न सक्नेछ । तर यसरी खरिद गर्दा अनुसूचिहरुमा आपूर्तिकर्ताले उल्लेख गरेको दररेट भन्दा बढी रकम पर्न गएमा उक्त बढी परेको रकम सम्झौताकर्ता/आपूर्तिकर्तालाई जरिवाना गरिनेछ । तर सम्झौता भएको अनुसूचिमा नरहेको सामग्रीहरु आपूर्ति गर्न आपूर्तिकर्ता बाध्य हुनेछैन् र तिनमा जरिवाना पनि लाग्ने छैन् ।

Namita
निमित मेडिकल सुपरिटेन्डेन्ट

CamScanner

७) इच्छुक आपूर्तिकर्ताले आफ्ना थप केही प्रस्ताव भए निवेदन मै उल्लेख गरि पेश गर्न सक्नेछन् ।
८) सामग्री ढुवानी: अर्डर बमोजिमको आवश्यक सामग्रीहरु अस्पतालसम्म महिनाको कम्तिमा दुई दिन आपूर्तिकर्ताले नै निशुल्क रुपमा ढुवानी गर्नुपर्नेछ ।
९) भुक्तानीको बिषय:
क) इटहरी अस्पतालसँग शुरु पूँजि नभएको हुँदा, आपूर्तिकर्तालाई अस्पतालको हुँदै जाने आम्दानीवाट क्रमिक रुपमा भुक्तानी दिइनेछ । अस्पतालले लिनुपर्ने पूरा भुक्तानीहरु जस्तै स्वास्थ्य बिमा बोर्ड लगायतवाट समयमै पूर्ण भुक्तानी प्राप्त नभएंमा आर्थिक वर्ष सकिने वेलामा भुक्तानी दिन बाँकी रकम लेखा परिक्षण गरी दायित्वमा देखाइनेछ ।
ख) भुक्तानी दिदा सर्वप्रथम यसै प्रकृतिका साविकका सम्झौता कर्ताहरुलाई तिर्न बाँकी रहेको रकम भुक्तानी पश्चात मात्रै भुक्तानी दिन शुरु गरिनेछ ।
१०) निवेदन दर्ताको तरिका र अन्तिम समय:
क) इच्छुक आपूर्तिकर्ताले आवश्यक कागजपत्रहरु ( संस्था / फर्म दर्ताको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT. कार्डको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र तथा म्याद थप पत्रको प्रतिलिपि), ल्याव केमिकल तथा सर्जिकल सामग्रीहरुको कबोल गरेको दररेट भरेको अंनुसूचि र निवेदन अस्पतालको प्रशासन शाखामा निवेदन दस्तुर रु ३०००। (तीन हजार रुपैयाँ, फिर्ता नहुने गरी) को रसिद सहित निवेदन सिलबन्दी गरी दर्ता गराउनुपर्नेछ ।
ख) इच्छुक आपूर्तिकर्ताले आवश्यक कागजपत्रहरु, ल्याव केमिकल तथा सर्जिकल सामग्रीहरुको कबोल गरेको दररेट भरेको अनुसूचि, निवेदनको Scan copy र निवेदन शुल्क यस अस्पतालको वैंक खातामा eSewa/IPS/Moble Banking मार्फत निवेदन दस्तुर तिरेको रसिदको Scan copy सहित अस्पतालको इमेल itaharihospital456@gmail.com मा निवेदन पेश गर्न सक्नेछन् । इमेल मार्फत पठाइएको निवेदनको दर्ता नं. इमेलवाट नै उपलब्ध गराइनेछ ।
ग) निवेदन दिने अन्तिम मिति २०७९।०७।१४ गते, दिनको ५ बजे सम्म, सो मितिभन्दा पछाडि कुनै पनि निवेदन लिइनेछैन् ।
वैंक खाता विवरण:

- वैंकको नाम: राष्ट्रिय वाणिज्य वैंक लिमिटेड
- खातावालाको नाम: इटहरी सामुदायिक स्वास्थ्य व्यवस्थापन समिति
- खाता नं. २५५०००१३३७०१

११) आपूर्तिकर्ताको छनौट सम्वन्धि निर्णय गर्ने सम्पूर्ण अधिकार नगर स्वास्थ्य बिकास समितिमा निहित रहनेछ । आपूर्तिकर्ता छनौट सम्वन्धि थप सूचना पछि प्रकाशन गरिनेछ ।

थप जानकारीका लागि अस्पताल प्रशासन शाखा, वा फोन नं.०२५५८०१५०/९८०४०५३५९० सम्पर्क गर्नुहुन अनुरोध छ ।

**बोधार्थ:**

श्री इटहरी उप महानगरपालिकाको कार्यालय : नगरपालिकाको सूचना पाटी र website मा यो सूचना राखिदिनहुन अनुरोध छ ।

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी अस्पताल इटहरी, सुनसरी

निमित्त मेडिकल सुपरिटेन्डेन्ट

CamScanner